| | |
|---|---|
| ऐन संख्याः | ०२ |

# आर्थिक बर्ष २०७६/०७७ को

# विनियोजन ऐन

माण्डवी गाउँपालिका

प्युठान जिल्ला

प्रदेश नं. ५

२०७६

# माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७६

## माण्डवी गाउँ पालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक

माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यक्रमहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत मिति :२०७६/०३/२१

**प्रस्तावना :**

माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९९ को उपधारा (२) बमोजिम माण्डवी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :–

(१) यस ऐनको नाम " **माण्डवी गाउँपालिकाको विनियोजन ऐन २०७६"** रहेको छ ।

### २. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक बर्ष २०७६/०७७ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू र पूँजीगत खर्च रकम समेत गरी जम्मा रकम रु. २९ करोड ६६ लाख ४७ हजार मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

### ३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त माण्डवी गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय ब्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालू तथा पूजीगत खर्च र वित्तीय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची १

दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हूने रकम

रु हजारमा

| क्र सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउं कार्यपालिका तथा गाउंपालिका | ५५३५५ | ८१४९२ | ० | १३३४४७ |
| २ | | वडा समिति तथा वडा कार्यालय | ४००० | २०००० | ० | २४००० |
| ३ | | विषयगत शाखा | २५००० | | ० | २५००० |
| ४ | | ऋणको सांवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी शेयर ऋण | ० | ० | ० | ० |
| ६ | | सशर्त अनुदान | ९६५०८ | १७६९२ | ० | ११४२०० |
| जम्मा | | | १८०८६३ | ११९१८४ | ० | ३०००४७ |
| प्रतिशत | | | ६०.२८% | ३९.७२% | | १००% |